# दार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सल्यान

कर्णाली प्रदेश नेपाल
Website:www.darmamun.gov.np
Email:ito.darmamun@gmail.com

पत्र सं :२०८१/८२
चलानी नं.:-११८६

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

**निशुल्क जग्गा प्राप्ती सम्बन्धी सार्वजनिक सूचना ।**
(प्रथम पटक सूचना प्रकाशित मिति:- २०८१/१०/२७गते)

यस गाउँपालिकाको लागि तपसिलको परियोजनाहरु सञ्चालन गर्न जग्गा आवश्यक भएकोले उल्लेखित शर्त बमोजिम निशुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संघ संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा आफूले उपलब्ध गराउन चाहेको जग्गाको विवरणसहितको शिलबन्दी दरखास्त पेश गर्न सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१. निशुल्क उपलब्ध गराइने जग्गाको चारकिल्ला, क्षेत्रफल, अवस्थिति तथा प्रकृति देहाय बमोजिम हुनुपर्ने छ ।

| सि.नं | परियोजनाको नाम | चारकिल्ला | | | | क्षेत्रफल (कम्तिमा) | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | |
| १ | ईलाका प्रहरी कार्यालय फारुलाचौरको भवन निर्माणको लागि जग्गा | ढाँरापिपल | कालेखोला | थम्केसल्ली | मासुगार डाँडा | ५ रोपनी | |
| २ | वडा नं ३ को वडा कार्यालय भवन निर्माणको लागि जग्गा | ढाँरापिपल | बोजारी | थम्केसल्ली | मासुगार डाँडा | ३ रोपनी | |

२. जग्गा मानव बस्तीदेखी टाढा, बाढी पहिरोको जोखिम नभएको,सडक तथा खानेपानीको प्रयाप्त पहुँच भएको, विद्युत सेवा विस्तार गर्न सहज सम्भावना भएको र भविष्यमा थप जग्गा आवश्यक हुँदा सहज रुपमा उपलब्ध हुनसक्ने सम्भावना भएको हुनु पर्नेछ ।

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

# दार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सल्यान
कर्णाली प्रदेश नेपाल
Website:www.darmamun.gov.np
Email:ito.darmamun@gmail.com


पत्र सं :२०८१/८२
चलानी नं.:-

३. दरखास्तसाथ निशूल्क उपलब्ध गराइने जग्गाको स्वामित्व दर्ता प्रमाण पूर्जा तथा जग्गाधनीको नेपाली नागरिकताको प्रमाणपत्र/संघसंस्था भए संस्था दर्ता प्रमाणपत्रको स्वप्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ।

४. दरखास्त पेश गर्ने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिने छ।

५. निशुल्क उपलब्ध गराउने गरी दरखास्त पेश हुन आएका जग्गाहरुमध्ये कुन जग्गा प्राप्ति गर्ने सम्बन्धमा गाउँ कार्यपालिको निर्णय अन्तिम हुनेछ।

६. यस सम्बन्धमा थप जानकारी लिनु पर्ने भएमा कार्याल समयभित्र कार्यालयमा सम्पर्क गरी वा सम्पर्क नम्बरहरु ९८५७८४४६४ र ९७४९२६६९५४ मा सम्पर्क गरी थप जानकारी लिन सकिने छ।

..................
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत